# मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५ मिति: २०७५/०१/१३
च.नं : ७८२

श्री अध्यक्ष श्रीकला अर्मजाज्यू,
श्री सचिव मोहन बहादुर खत्रीज्यू,
श्री कोषाध्यक्ष तेजराज उपाध्यायज्यू,
चिसापानी धोबीखोला खानेपानी तथा सरसफाई योजना
मंगला- २, बाबियाचौर तल्लोडडुवा ।

विषयः- जिम्मेवारी वहन गरी तोकिएको समयमै योजनाको कार्यहरू सम्पन्न गर्नु गराउनुहुन ।

प्रस्तुत विषयका सम्बन्धमा पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना दोश्रो चरण लागू भएको यस मंगला गाउँपालिकाद्वारा सञ्चालित त्यस चिसापानी धोबीखोला खानेपानी तथा सरसफाई योजनाको प्रथम किस्ता बापतको रकम माघ महिनामा भुक्तानी भई काम निरन्तर गर्न वास इकाईको प्राविधिक सहायताबाट अगाडि बढाइएको कामको निर्देशित सूचकहरू सहित अपेक्षित उपलब्धि/प्रगति तोकिएको समयमा हासिल गर्नु पर्नेमा उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीहरूमा दायित्वबोधको मर्मलाई ख्यालै नगरी निष्क्रियताको आभाष हुन गएको एवम् उपभोक्ता र समितिबिच समन्वय हुन नसक्दा काममा विवाद आई सञ्चालित कार्यमा प्रतिकुल प्रभाव देखिएको हुँदा तोकिएको समयमै अपेक्षित उपलब्धि हासिल गर्न नसक्ने निश्चित प्राय देखिएकोले तोकिएको समयमा योजनाको काम नसकिएमा त्यस योजनालाई निकासा हुने नेपाल सरकार र फिनल्याण्ड सरकारबाट उपलब्ध हुने रकम निकासा हुन नसक्ने सम्मको अवस्था आउन सक्ने हुँदा उक्त योजनाको निर्माण कार्यलाई जिम्मेवार भई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नु गराउन हुन अनुरोध गर्दछु ।

विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत